# <u>सूचना</u>
# मतदाताको रुपमा दर्ता गर्नुहोस्

**यदि तपाईले निम्न मापदण्डहरु पूरा गर्नु हुन्छ भने तपाई मतदाताको रुपमा दर्ता हुन योग्य हुनुहुन्छ:**

- 18 वर्ष वा सो भन्दा माथि उमेर पुगेको;
- हङकङ स्थायी निवासी; र
- सामान्यत्या हङकङमा बसोबास गरिराख्नु भएको छ ।

**आवेदनको अन्तिम म्याद**
नयाँ दर्ता: 2 जून 2023

विवरण परिवर्तन बारे रिपोर्ट गर्न: 2 जून 2023

(आवास विभाग अन्तर्गत सार्वजनिक भाडा आवासका आधिकारिक बासिन्दाहरु वा हङकङ हाउजिङ सोसाइटी अन्तर्गत दर्ता भएका अनुदानित आवासको भाडावाल मतदाताहरु बाहेक व्यक्तिहरूले नयाँ दर्ता पेश गर्दा वा दर्ता गरिएको ठेगाना परिवर्तन गर्न आवेदनहरू पेश गर्दा ठेगानाको प्रमाणहरु बुझाउन आवश्यक पर्दछ ।)

ठेगाना प्रमाणित गर्न आवश्यकता हेर्नुहोस्: https://www.reo.gov.hk/en/voter/ap.htm

**आवेदन फारमहरु निम्न स्थानहरुमा उपलब्ध छन्:**
<u>अल्पसंख्यक जातीयहरुको लागि समर्थन सेवा केन्द्रहरु</u>

- होप सेन्टर HOPE Centre (Wanchai)
- चियर सेन्टर CHEER Centre (Kwun Tong)
- होम सेन्टर (Yau Tsim Mong)
- होम सब-सेन्टर HOME Sub-centre (Sham Shui Po)
- लिंक सेन्टर LINK Centre (Kwai Tsing)
- वान सेन्टर ONE Centre (Tuen Mun)
- YLTH सेन्टर YLTH Centre (Yuen Long)
- टच सब-सेन्टर TOUCH Sub-centre (Tung Chung)

<u>सरकारी तथा अन्य कार्यालयहरु</u>

- दर्ता तथा निर्वाचन कार्यालय (REO)
- सार्वजनिक आवास एस्टेटहरुको जिल्ला कार्यालयहरु तथा व्यवस्थापन कार्यालयहरु
- मतदाता दर्ता वेबसाइटबाट आवेदन फारमहरु पनि डाउनलोड गर्न सकिन्छ (www.voterregistration.gov.hk)

**फारमहरु बुझाउने माध्य**

पूरा भरिएको र हस्ताक्षर गरिएको आवेदन फारम REO लाई पठाउन सकिन्छ:

(1) पत्राचारद्वारा (ठेगाना: 13/F, Kowloon Bay International Trade & Exhibition Centre, 1 Trademart Drive, Kowloon Bay, Kowloon);
(2) फ्याक्सद्वारा (फ्याक्स नम्बर: 2891 1180);
(3) ईमेलद्वारा (ईमेल ठेगाना: form@reo.gov.hk); वा
(4) दर्ता तथा निर्वाचन कार्यालयको अनलाइन अपलोड प्लेटफर्म (www.reo-form.gov.hk) मा स्क्यान गरिएको प्रतिलिपि र ठेगानाको प्रमाण अपलोड गर्न सक्नुहुन्छ ।

मतदाताहरुले सत्य र सही जानकारी प्रदान गर्नुपर्दछ । निर्वाचन मामिला आयोग नियमावली अन्तर्गत कुनै व्यक्तिले जानीजानी वा लापरवाहीपूर्वक मतदाता दर्ताको लागि गलत वा भ्रामक जानकारीहरु (उदाहरणको लागि गलत आवासीय ठेगाना) दर्ता तथा निर्वाचन कार्यालयमा उपलब्ध गराएमा सो व्यक्तिले अपराध गरेको ठहरिने छ, र यदि उक्त व्यक्तिले निर्वाचनमा मतदान गर्छ भने, उसले/उनले निर्वाचन (भ्रष्टाचार र अवैध आचरण)अध्यादेश (क्याप. 554) पनि उल्लंघन गर्नेछ ।

**सोधपुछ**

यदि तपाई चिनियाँ वा अंग्रेजी दुवै भाषा बोल्नुहुन्न र REO सँग मतदाता दर्ताको सम्बन्धमा सोधपुछ गर्न चाहनुहुन्छ भने, तपाईले CHEERको फोन मार्फत नि:शुल्क दोभाषे सेवाको सहयोग लिन सक्नुहुन्छ। तपाईले CHEERको दोभाषेलाई REOको कार्यालय सञ्चालन अवधि बिहानको 8:45 बजे देखि बेलुकाको 6 बजे सम्म सोमबार देखि शुक्रबार(सार्वजनिक बिदाहरु बाहेक) कन्फ्रेन्स कल द्वारा REO को अधिकारीसँग सोधपुछ गर्न REOको सोधपुछ हटलाइन (2891 1001) मा सम्पर्क गर्न अनुरोध गर्न सक्नुहुन्छ । कन्फ्रेन्स कलमा जोडिएपछि, तपाईले REOको अधिकारीसँग CHEERको दोभाषे मार्फत सिधा कुरा गर्न सक्नुहुन्छ ।

CHEERको हटलाइन नम्बरहरु निम्नानुसार छन्:

| भाषा | हटलाईन नं |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| नेपाली | 3755 6822 |
| उर्दू | 3755 6833 |
| पन्जाबी | 3755 6844 |
| तागालोग | 3755 6855 |
| थाई | 3755 6866 |
| हिन्दी | 3755 6877 |
| भियतनामी | 3755 6888 |